नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

मिति : २०७८।०६।२०

यस मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई निवासबाट कार्यालय आउन र कार्यालयबाट निवास सम्म जानका लागि आ.व.२०७८/०७९ मा बोलपत्रको माध्यमबाट दुईवटा मिनि/माइक्रोबस सेवा भाडामा लिन मिति २०७८।६।७ गते नेपाल समाचार पत्रमा बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा सूचना र बोलपत्र सम्बन्धी कागजातमा केही त्रुटी भएकोले निम्न बमोजिम भएको त्रुटी निम्न बमोजिम सच्याई प्रकाशित गरिएको सूचना ।

भएको त्रुटी/गल्ती

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (विदा परेमा कार्यालय खुलेको प्रथम दिन) कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस मन्त्रालयबाट तपसिल बमोजिम दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२. बोलपत्र जमानत वापत बोलपत्रदाताले रु. ५०,०००।-(अक्षरेपी पचास हजार मात्र) रकम बराबरको यस मन्त्रालयको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि. को धरौटी खाता नं. १३५००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ । बोलपत्रको मान्य अवधि ९०(नब्बे) दिन हुनेछ ।

हुनुपर्ने / सच्याईएको

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (विदा परेमा कार्यालय खुलेको प्रथम दिन) कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्र वा कर दाखिला/म्याद थप प्रमाणको प्रतिलिपि र यस मन्त्रालयको कार्यालय कोड नं. ३५०००३५०१ राजश्व खाता नं. ०१००१०६२००००० राजश्व शीर्षक नं. १४२२९ मा तीन हजार रुपैया जम्मा गरेको सक्कल भौचर संलग्न गरी) पेश गरी यस मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखाबाट खरिद गर्न सकिने छ ।

२. बोलपत्र जमानत वापत बोलपत्रदाताले रु. ५०,०००।-(अक्षरेपी पचास हजार मात्र) रकम बराबरको यस मन्त्रालयको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबार कार्यालय कोड ३५०००३५०१ राष्ट्रिय बाणिज्य बैंक लि. को धरौटी खाता नं. १९६०१००१०२०३०००० मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ । बोलपत्रको मान्य अवधि ९०(नब्बे) दिन हुनेछ ।

शाखा अधिकृत